**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व. २०७८/०७९ को नेपाल गुणस्तर तथा नापतौल विभाग, बालाजुको सूचना सम्बन्धी विवरणः**

क० **निकायको स्वरुप र प्रकृतिः** औधोगिक उत्पादन र उत्पादकत्वमा गुणात्मक एवं परिमाणात्मक सुधार ल्याउन र नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड काय गरी प्रचलनमा ल्याउन गठन भएको संस्था । गुणस्तर क्रियाकलाप र नापतौल कार्यहरुलाई अझ बढी प्रभावकारी तथा व्यापक बनाउन यस विभाग सन् १९६४ देखि अन्तराष्ट्रिय नापतौल संस्था OIML (Organization for International Legal Metrology), र सन् १९९१ देखि ISO (International Organization for Standardization) को पत्राचार सदस्य (Corresponding Member) रहेकोमा सन् २०1४ मा पूर्ण सदस्यता प्राप्त गरेको, सन् १९८१ देखि APMP ( Asia Pacific Metrology Program) को संस्थापक सदस्य, सन् २00१ देखि IEC (International Electro-technical Commission) को सम्बन्धन प्राप्त सदस्य (Affiliate member) भएको हो ।

ख) **निकायको काम, कर्तव्य र अधिकारः** नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ बमोजिम सर्वसाधरण जनताको हितको लागि कुनै वस्तुको गुणस्तर निर्धारण गर्ने तथा त्यस्ता वस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह् प्रयोग गर्ने व्यवस्था गर्ने र नेपाल भरि मेट्रिक पद्दतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने । सो अन्तर्गत देहाय अनुसारका कार्यहरु रहेका छन्,

- प्रलेख मस्यौदा तर्जुमा गर्ने,
- गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने,
- गुणस्तर र नापतौल सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- नापतौलको राष्ट्रिय स्टाण्डर्ड बनाई लागू गर्ने,
- गुणस्तर चिन्ह प्राप्त वस्तहरु उत्पादन गर्ने उद्योगहरुको आकस्मिक निरीक्षण तथा बजार अनुगमन गर्ने,

साथै सम्बन्धित ऐन, नियमले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** कुल दरबन्दी ८९

घ) **निकायबाट प्रदान गरिने सेवाः**

- नेपाल गुणस्तर निर्धारण, वस्तु प्रमाणीकरण, प्रणाली प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, खेप प्रमाणीकरण, परिक्षण तथा विश्लेषण सेवा, क्यालिव्रेशन सेवा, प्राविधिक सेवा तथा तालिम, पुस्तकालय सेवा, कानूनी नापतौलको कार्यान्वयन,

अन्तराष्ट्रिय व्यापारमा हुन आउने प्राविधिक अवरोध हटाउन आवश्यक सेवा/सहजीकरण

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार पदाधिकारी:** नागरिक बडापत्रमा उल्लेखित

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** नागरिक बडापत्रमा उल्लेखित

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी:** सम्बन्धित ऐन, नियम एवम् विभागको कार्यविधिमा उल्लेखित

**ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी:** महानिर्देशक, उप-महानिर्देशक

**झ) सम्पादन गरेको कामको संक्षिप्त विवरण:** आ.व. ०७८/७९ को

- नेपाल गुणस्तर संख्या १०३८ हालसम्म, (आ.व. ०७८/७९ मा १५ वटा गुणस्तर नेपाल गुणस्तर परिषदबाट पारित भएको), प्राविधिक समितिबाट १८ वटा नेपाल गुणस्तर सिफारिस भएको।
- नेपाल गुणस्तर प्रमाण-चिन्ह (ईजाजतपत्र+प्रमाणपत्र): ६६
- कारवाही सङ्ख्या: ३४
- उद्योग निरीक्षण सङ्ख्या: १७१
- LPG ग्याँस उद्योगको निरीक्षण संख्या: ४२
- बजार/उद्योग नमुना संकलन: ७५६
- मुद्दा दर्ता: १
- नमुना परीक्षण सेवा: ३२१४
- वैज्ञानिक नापतौलका उपकरणहरुको क्यालिब्रेशन संख्या: १८४९
- प्रणाली प्रमाणीकरण सेवा: हालसम्म २२ (आ.व. ०७८/७९ मा NS/ISO 9001 मा २ वटा र NS/ISO 14001 मा १ वटा प्रमाणपत्र प्रदान गरिएको)
- Certification (Product and System) Section, Laboratories (Chemical) Section को Accreditation लाई निरन्तरता
- ई-बोलपत्रको माध्यमबाट प्रयोगशालाका उपकरणहरु Mass Standards (2kg to 20 kg), Calibration Bath, Multimeter for Temperature (Monitor) र Regulator Testing Machine खरिद कार्य सम्पन्न । त्यस्तै Mortar Mixture, Carbon Dispersion Testing Machine, Density Tester, Hot Water Bath, Vacuum Suction Pump, E-Scooter (थान २), Motorcycle (थान ४) खरिद कार्य सम्पन्न । उपकरणहरुको मर्मत संभार र Accessories खरिद कार्य सम्पन्न भएको ।

**१) सूचना अधिकारी र विभागीय प्रमुखको नाम र पद:**

विभागीय प्रमुख: महानिर्देशक श्री दीनानाथ मिश्र

फोन नं. ०१४३५६८१०, email: nbsm@nbsm.gov.np

सूचना अधिकारीः निर्देशक (रा.प.द्वि.प्रा.) श्री संजिव कुमार ठाकुर

फोन नं. ०१ ४३५०८१८, ९८४१४२५५७६, Email: info@nbsm.gov.np

tbtnbsm@gmail.com,

**ञ० ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) ऐन, २०३७

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) नियमावली, २०४०

स्टयाण्डर्ड नाप र तौल ऐन, २०२५

स्टयाण्डर्ड नाप र तौल नियमावली, २०२७

स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमवाली, २०७६

**ट) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्याबधिक विवरणः** आ.व. ०७८/७९ को कुल राजश्व ४९१९५७०५/-, पूँजिगत खर्च १६६१०००६/-, चालु खर्च ६००१४९५२.४६/-

**ठ) वेभसाइटः** www.nbsm.gov.np, email: info@nbsm.gov.np

**ड) यस विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः**

PTB Germany बाट प्राविधिक सहयोग

**ढ) वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

- उद्योग/संस्थाहरुको गुण अडिट प्रतिवेदन- ५ वर्ष
- उद्योगको वैयक्तिक व्यवसायिक विवरण- ३० वर्ष
- कर्मचारीको व्यक्तिगत विवरण- ३० वर्ष
- नमुना कोड डिकोड विवरण बढीमा- १ वर्ष
- आकस्मिक निरीक्षण योजना- १ वर्ष
- परिक्षण एवम् मापांकन (Testing & Calibration) प्रतिवेदन- ५ वर्ष
  - गोप्य राख्न भन्ने व्यहोरा सहित विभिन्न सरकारी निकायबाट प्राप्त हुने विषय वस्तुसँग सम्वन्धित सूचना - लेखि आए बमोजिम (उपरोक्त बमोजिमको सूचना वर्गीकरणका लागि यस विभागको प.सं.०७८/७९ मिति २०७९/०३/२४ को पत्रबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको)